नेपाल राष्ट्र बैंक

राष्ट्र ऋण व्यवस्थापन विभाग, काठमाडौ

## वैदेशिक रोजगार बचतपत्र निष्काशन सम्बन्धी सूचना

नेपाल सरकारको तर्फबाट राष्ट्र ऋण व्यवस्थापन विभागद्वारा देहायबमोजिमका विशेषता एवम् व्यवस्था कायम गरी वैदेशिक रोजगार बचतपत्र निष्काशन गरिने भएकोले खरिद गर्न इच्छुक वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिक तथा गैर-आवासीय नेपालीहरुले बचतपत्र खरिदको लागि आवेदन दिनुहुन अनुरोध छ ।

### १. विशेषताहरु

(क) बचतपत्रको नाम : वैदेशिक रोजगार बचतपत्र २०८३ (५ वर्षे) ।

(ख) निष्काशन हुने रकम : रु. ५०,००,००,०००।- (अक्षरेपि पचास करोड रुपैयाँ मात्र) ।

(ग) वार्षिक ब्याजदर : १० प्रतिशत (ब्याजकर लाग्ने) ।

(घ) ब्याज भुक्तानी : ६/६ महिनामा हुने ।

(ङ) खरिद गर्न पाउने सीमा : घटीमा दश हजार रुपैयाँ र बढीमा रु. दश हजारले भाग गर्दा निःशेष भाग जाने गरी आह्वान गरिएको रकमसम्म ।

(च) लगानी (खरिद) कर्ता : यो बचतपत्र मुलुक बाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको ६ महिना नपुगेका नेपाली नागरिक वा गैर-आवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्य (बुवा, आमा, श्रीमान्, श्रीमती, छोरा, छोरी मात्र) को नाममा खरिद गर्न सक्ने ।

(छ) धितो सम्बन्धी सुविधा : यो बचतपत्र धितो राखी बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन/दिन सकिने ।

### २. बिक्री, निष्काशन र साँवा भुक्तानी

(क) बिक्री खुला हुने अवधि : २०७८ जेठ १३ गतेदेखि २०७८ असार ०३ सम्म ।

(ख) निष्काशन मिति : २०७८ असार ०८ गते ।

(ग) साँवा भुक्तानी मिति : २०८३ असार ०८ गते ।

### ३. ब्याज भुक्तानीसम्बन्धी व्यवस्था

(क) ६/६ महिनामा प्राप्त हुने ब्याज बचतपत्र खरिदकर्ता आफैले वा इच्छाइएको व्यक्तिमार्फत भुक्तानी लिन सकिने ।

### ४. अन्य व्यवस्था

| | | |
|---|---|---|
| (क) | आवेदन फारम | आवेदन फारम बिक्री एजेण्ट मार्फत निःशुल्क रुपमा प्राप्त गर्न सकिने । यस बैंकको वेबसाइट www.nrb.org.np अन्तर्गत Public Debt भित्र Foreign Employment Saving Bond नामको फोल्डरबाट पनि डाउनलोड गरी प्रयोग गर्न सकिने । |
| (ख) | आवेदन फारम बुझ्ने कार्यालयहरु | तल उल्लिखित बिक्री एजेण्टका स्वदेश तथा विदेशस्थित कार्यालय । |
| (ग) | ब्याज भुक्तानी लिने स्थान | आफूलाई पायक पर्ने वाणिज्य बैंकहरु, बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र काठमाण्डौ उपत्यका बाहिरका नेपाल राष्ट्र बैंकका प्रदेश स्थित कार्यालयहरु । |
| (घ) | खण्डित अवधिको ब्याज | बचतपत्र खरिदको लागि रकम बुझाएकै मितिदेखि निष्काशन मितिभन्दा अघिल्लो दिनसम्मको खण्डित अवधिको ब्याज रकम तोकिएको ब्याजदरमा भुक्तानी दिइने । |
| (ङ) | बचतपत्रको किसिम | स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र खरिद गर्न सकिने । स्टक वा प्रमिशरी नोटमध्ये आफूले लिन चाहेको प्रमाणपत्रको किसिम आवेदन फारममा खुलाउनु पर्ने । नखुलाइएको अवस्थामा प्रमिशरी नोट प्रमाणपत्र उपलब्ध गराइने । |
| (च) | आवेदन साथ पेश गर्नुपर्ने कागजात | राहदानी, कार्यरत मुलुकको भिसा (भारत बाहेक अन्य मुलुकमा कार्यरत कामदारका लागि मात्र), कार्यरत कम्पनीको आधिकारिक परिचयपत्र (म्याद ननाघेको) को प्रतिलिपि, २ प्रति |

| | | |
|---|---|---|
| | | पासपोर्ट साइजको फोटो, विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाण स्वरुप विदेशी मुद्रा सटही रसिद वा नेपालमा विदेशी मुद्रामा खाता रहेको भए सो खाताबाट विदेशी मुद्रा सटही गरेको भौचर । परिवारका सदस्यको नाममा खरिद गर्ने भए सो सदस्यको नागरिकताको प्रतिलिपि र नाता प्रमाणित कागजात । नावालकको नाममा संरक्षक भइ खरिद गर्ने भएमा नावालकको जन्मदर्ता प्रमाणपत्र । |
| (छ) | अस्वीकृत आवेदनकर्ताको रकम भुक्तानी | रीतपूर्वक पेश नभई अस्वीकृत भएका आवेदनसाथ जम्मा हुन आएको रकम बिना ब्याज निष्काशन मिति पश्चात ७ दिनभित्र फिर्ता गरिने । |
| (ज) | बाँडफाँट सम्बन्धी व्यवस्था | खुला बजार सन्चालन समितिको निर्णयबमोजिम हुने । |
| (झ) | अन्य व्यवस्था | यो बचतपत्र खरिद/बिक्री सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन, नियम तथा वैदेशिक रोजगार बचतपत्रसम्बन्धी कार्यविधि, २०६९ (दोस्रो संशोधन, २०७६) तथा खुला बजार संचालन समितिको निर्णयबमोजिम हुने । उक्त कार्यविधि यस बैंकको वेबसाइट https://www.nrb.org.np मा हेर्न सकिने । |
| (ञ) | थप जानकारी | थप जानकारीका लागि काठमाण्डौमा यस विभागको फोन नं. ०१-४४४३८७१/८३५ वा तल उल्लेखित बिक्री एजेण्टहरु वा यस विभागको इमेल ठेगाना pdmissue@nrb.org.np मा सम्पर्क गर्न वा यस बैंकको वेबसाइट *https:*//www.nrb.org.np अन्तर्गत Public Debt मा हेर्न सकिने । |

## ५. वैदेशिक रोजगार बचतपत्र खरिद गर्नको लागि आवेदन बुझाउन सकिने बिक्री एजेण्टहरुको नाम

| क.सं. | बिक्री एजेण्टहरुको नाम | नेपालको ठेगाना | नेपालको सम्पर्क टेलिफोन नं. |
|---|---|---|---|
| १. | सिटिजन्स् बैंक इण्टरनेशनल लिमिटेड | कमलादी, काठमाण्डौ । | ९७७-१-४४२७८४२, ९७७-१-४४२५४७४ |
| २. | नबिल बैंक लिमिटेड | तिनधारा, दरवारमार्ग, काठमाण्डौ । | ९७७-१-४२२७१८१, ९७७-१-४२२३३८९ |
| ३. | माछापुच्छ्रे बैंक लिमिटेड | लाजिम्पाट, काठमाण्डौ | ९७७-१-४४२८५५६, ९७७-१-४४१६०८९ |
| ४. | प्रभु बैंक लिमिटेड | अनामनगर, काठमाण्डौ । | ९७७-१-४७८८५००, ९७७-१-४७८६०४१ |
| ५. | सन्राइज बैंक लिमिटेड | गैह्रीधारा, काठमाण्डौ | ९७७-१-४००४५६०-६२, ९७७-१-४००४५६६ |
| ६. | सिद्धार्थ बैंक लिमिटेड | हात्तीसार, काठमाण्डौ । | ९७७-१-४४४२९१९, ९७७-१-४३७६६०१ |
| ७. | सानिमा बैंक लिमिटेड | नक्साल, काठमाण्डौ । | ९७७-१-४४२८९७९/८० |
| ८. | सेञ्चुरी कमर्सियल बैंक लिमिटेड | पुतलीसडक, काठमाण्डौ । | ९७७-१-४४४५०६२, ९७७-१-४४१२५७९ |
| ९. | प्रभु मनि ट्रान्सफर प्रा.लि. | लैनचौर, काठमाण्डौ । | ९७७-१-४१६९२७७, ९७७-१-४१६९२७८ |
| १०. | सेवा रेमिट प्रा.लि. | कुलेश्वर, काठमाण्डौ । | ९७७-१-४२८३७२८, ९७७-१-४६७२३०९/१० |
| ११. | सिटी एक्सप्रेस मनि ट्रान्सफर प्रा.लि. | कमलादी, काठमाण्डौ । | ९७७-१-४४३१९०० |
| १२. | आइएमई लिमिटेड | पानीपोखरी, काठमाण्डौ । | ९७७-१-४२१७६००, ४४३०६०० |

नोटः- उपरोक्त बिक्री एजेन्टहरुका शाखा कार्यालयहरु मार्फत समेत फाराम बुझाउन सकिनेछ ।